मिति २०८१/०१/१० गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको चौधौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | नगर अस्पतालको ल्याब व्यवस्थापन सम्बन्धमा । | • दक्षिणकाली नगर अस्पताल, द.न.पा.१ चाल्नाखेलमा प्रयोगशाला सेवा विस्तार गर्ने सम्वन्धमा अस्पताल संचालन तथा व्यवस्थापन समितिवाट निर्णय भई आएकाले देहायका शर्तका अधिनमा रहि Sero lab pvt.ltd. सँग सेवा विस्तार सम्झौता गर्न सहमति प्रदान गर्ने ।<br>(क) Sero lab pvt. ltd. ले अस्पताललाई निम्न उपकरणहरु निशुल्क उपलब्ध गराउने ।<br>i. Biochemistry Immunoassay Analyzer<br>ii. Hematology Analyzer<br>iii. Coagulation Analyzer<br>iv. Microbiology उपकरण<br>v. Clinical Pathology उपकरण, लगायत सेवा विस्तारका क्रममा आवस्यकताका आधारमा थप प्रयोगशाला उपकरणहरु ।<br>(ख) प्रयोगशाला सेवा विस्तार पश्चात हस्तान्तरित उपकरण प्रयोगवाट हुने कुल आम्दानी नगर अस्पताल र Sero lab pvt. ltd. बीच ५०/५०% (पचास/पचास) प्रतिशतका दरले बाँडफाँड हुने तिन वर्षका लागि लागू हुने छ । र नगरपालिकाले आवश्यकता र औचित्यका आधारमा समय थपघट गर्न सक्नेछ ।<br>(ग) प्रयोगशालामा आवश्यक Reagent र उपकरण मर्मत संभार खर्च sero lab pvt. ltd. को तर्फवाट हुने ।<br>(घ) प्रयोगशालामा आवश्यक थप जनशक्ति sero lab pvt. ltd. को तर्फवाट व्यवस्थापन गर्ने ।<br>(ङ) सम्झौताको अवधी तिन वर्षको लागि हुनेछ । |
| २. | आधारभुत विद्यालय शिक्षा (कक्षा ८) को परिक्षा सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत सञ्चालन भएको शैक्षिक सत्र २०८० को आधारभुत विद्यालय शिक्षा (कक्षा ८) को परिक्षाको नतिजा सम्बन्धमा छलफल गरियो । |
| ३. | स्थानीय राजश्व परामर्श समितिको सिफारिस सम्बन्धमा । | • मिति २०८१/०१/०७ गते आईतबार बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आए अनुरुप तपसिल बमोजिम गर्ने ।<br>(क) कवाडी कर सम्बन्धमाः यस नगरपालिकाबाट निकासी हुने कवाडी कर संकलन गर्न आवश्यक पर्ने नीति, पूर्वाधार, सम्भाव्यता र छिमेकी पालिकाले प्रयोग गरिरहेको समग्र प्रणाली र व्यवस्थापन बारे छलफल गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न राजश्व शाखा प्रमुखको संयोजकत्वमा आर्थिक प्रशासन शाखा प्रमुख सदस्य र राजश्व सहायक सदस्य सचिव रहने गरी समिति गठन गरी कार्य जिम्मेवारी दिने ।<br>(ख) विज्ञापन कर सम्बन्धमाः यस नगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसाय, कम्पनीहरुले विज्ञापन गर्दा लिईने दक्षिणकाली नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ८ बमोजिम कर संकलन गर्नको लागि वार्षिक न्यूनतम अंक रु.२,००,०००।- कायम गरी प्रति आर्थिक वर्ष कबोल अंकको १० प्रतिशतले वृद्धि गर्ने गरी तिन आर्थिक वर्षको लागि आय ठेक्काको सुचना प्रकाशन गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | (ग) आगामी आ.व.०८१/०८२ को लागि यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको निर्माणमूखी कच्चा पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र माटो) प्राकृतिक स्रोत साधनको उत्खनन्, संकलन, बिक्री तथा निकासी शुल्क र खनिज पदार्थको रोयल्टी समेत संकलनको आय ठेक्का प्रक्षेपण तथा प्राकृतिक स्रोत साधनको दररेट सम्बन्धी प्रतिवेदन पेश गर्न गठित समितिलाई जिम्मेवारी दिने । |
| ४. | अन्तिम लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा । | • आ.ब.०७९/०८० को महालेखा परिक्षकको कार्यालयको प्रारम्भिक लेखापरिक्षण प्रतिवेदनमा छलफल गरी उक्त प्रतिवेदनमा उल्लेख भएका असुलउपर गर्नु पर्ने बेरुजुलाई असुलउपर प्रक्रिया अघि बढाउन पत्राचार गर्ने । |
| ५. | जग्गा खण्डिकरण सम्बन्धमा । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ को उपदफा (३) मा नगरपालिकाको पूर्वस्वीकृती नलिई भवनका लागि जग्गाको खण्डिकरण वा प्लानिङ्ग गर्न पांईने छैन भन्ने व्यवस्था भएकोले प्लानिङ्ग अनुमतिका लागि प्रक्रियामा आउन सात दिनको म्याद दिई सूचना प्रकाशन गर्ने र सो अवधी पछी अनुगमनका लागि नगर प्रहरी परिचालन गरी कानून बमोजिम अनुमति प्रक्रियामा नआएकाहरुलाई कानून बमोजिम कारबाही गर्ने । |
| ६. | रकम सापटी सम्बन्धमा । | • चालु आ.व.२०८०/०८१ को लागि अनुमानित आय अनुसारको आन्तरिक श्रोत र संघ, प्रदेशबाट प्राप्त हुने बजेट समेत प्रक्षेपण अनुसार प्राप्त नभएको हुँदा चालु आ.व.मा सम्झौता भएका आयोजनाहरुको भुक्तानी दिन संकट भएकोले आगामी आ.व.को बजेटमा नै समावेश गरि फिर्ता गर्ने गरी काठमाडौं उपत्यका मेयर फोरमसँग रु.१०,००,००,०००।- (दश करोड) सापटी माग गर्ने । |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत